नियम नं.

# गोदावरी नगरपालिका

# गोदावरी नगरकार्यपालिकाको विनियोजन ऐन, २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/०३/१०**

## गोदावरी नगरपालिका

बज्रवाराही, ललितपुर

# गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०७५

गोदावरी नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः २०७५/०३/१०

**<u>प्रस्तावनाः</u>** गोदावरी नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम गोदावरी नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गोदावरी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>**ः (१) आर्थिकवर्ष २०७५।०७६ को निमित्त गोदावरी नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू.७८,२२,१५,०००/- (अक्षरुपी अठहत्तर करोड बाइस लाख पन्ध्र हजार)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त गोदावरी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गोदावरी नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

४. नगरपालिका सञ्चालन गर्न आर्थिक ऐन तथा विनियोजन ऐनभित्र रही सवै कार्य गर्न नसकिने विशेष परिस्थितिमा विशेष नगर अधिवेशन बोलाई बजेट नीति तथा कार्यक्रम, आर्थिक ऐन तथा विनियोजन ऐन संशोधन गरी व्यवस्थापन गरिनेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)
नेपलाको संविधानको धारा २२९ (२) बमोजिम

## सञ्चित कोषबाट विनियोज हुने रकम

| | | |
|---|---|---|
| क) | नगरस्तरीय बजेट, योजना तथा कार्यक्रम | रू.२३ करोड ७३ लाख मात्र । |
| ख) | लक्षित समूह सम्बन्धी बजेट, योजना तथा कार्यक्रम | २ करोड ५० लाख मात्र । |
| ग) | न्यायिक समिति सम्बन्धी बजेट, योजना तथा कार्यक्रम | रू.२५ लाख मात्र । |
| घ) | वडास्तरीय बजेट, योजना तथा कार्यक्रम सम्पूर्ण वडाहरूमा प्रति वडा रू.६० लाखका दरले विनियोजन गरिएको छ । | रू.८ करोड ४० लाख मात्र । |
| ङ) | कार्यपालिका प्रति सदस्यहरूबाट रू.२ लाखका दरले सिफारिस भई आउने योजना तथा कार्यक्रम | रू.१६ लाख मात्र । |
| च) | शशर्त अनुदान | २७ करोड ८४ लाख । |
| छ) | चालु खर्च | १७ करोड ४७ लाख ९८ हजार । |
| ज) | वन तथा वातावरण | रू.५० लाख मात्र । |
| झ) | न्यून वित्त (१७,७७,६०,५७४।४०) | |

माथि प्रस्तुत गरिएको कूल बजेटको न्यून वित्त आर्थिक वर्षको अ.ल्या.मौज्दात तथा राजश्व बृद्धि गराई वा केन्द्र तथा प्रदेश सरकारबाट माग गरी पूर्ति गरिनेछ ।